बैठक संख्या : ८

आज मिति २०७९।१०।०७ गते दिउसो १:३० बजे यस पुथा उत्तरगंगा गाउँपालिकाका अध्यक्ष श्री पुनिराज घर्ती ज्युको अध्यक्षता गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितीमा तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितीहरुः-

श्री पुनिराज घर्ति - कार्यपालिका अध्यक्ष

श्री भुपेन्द्रा बुढा - गाउँ कार्यपालिका उपाध्यक्ष

श्री विरमान कामी - १ नं. वडा अध्यक्ष

श्री जस बहादुर श्रीपाली - २ नं. वडा अध्यक्ष

श्री बम बहादुर बुढा - ३ नं. वडा अध्यक्ष

श्री सुर बहादुर वि क - ४ नं. वडा अध्यक्ष

श्री टिकासाई घर्ति मगर - ५ नं. वडा अध्यक्ष

श्री शंखे सेन - ६ नं. वडा अध्यक्ष

श्री चित्र बहादुर बुढा - ७ नं. वडा अध्यक्ष

श्री पुर्ण मल्ल शाही - ८ नं. वडा अध्यक्ष

श्री हर्क प्रसाद रोका - ९ नं. वडा अध्यक्ष

श्री भरत बुढा मगर - १० नं. वडा अध्यक्ष

श्री लयन बुढा मगर - ११ नं. का.बा. वडा अध्यक्ष

श्री दिलमान पुन - १२ नं. वडा अध्यक्ष

श्री शिविसन शिर्पाली - १३ नं. वडा अध्यक्ष

श्री द्रवेश बुढा मगर - १४ नं. वडा अध्यक्ष

श्री ग्वारी बुढा मगर - कार्यपालिका सदस्य

श्री जोर कुमारी बुढा - कार्यपालिका सदस्य

श्री भारसी बुढा - कार्यपालिका सदस्य

श्री मल्लि पुन - कार्यपालिका सदस्य

श्री राजकुमार सुनार - कार्यपालिका सदस्य

श्री जानु छन्त्याल - कार्यपालिका सदस्य

श्री वशिष्ट नारायण यादव - सदस्य सचिव

प्रस्तावहरुः-

१. १४ औँ गाउँसभाको कार्यसुची सम्बन्धमा।

२. स्थानीय आवधिक योजना र मध्यमकालीन खर्च संरचना निर्माण सम्बन्धमा।

३. राष्ट्रिय भूमि आयोग सहजीकरण समितिले सूचना गरेको लागत संकलन सम्बन्धमा।

४. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा अनुमोदन सम्बन्धमा।

५. प्रयोगशालाहरुमा स्वास्थ्य परीक्षणको दररेट सम्बन्धमा।

६. रकमान्तर अनुमोदन सम्बन्धमा।

७. सडक बोर्डसँग म्याचिङ फण्ड सम्बन्धमा।

८. गाउँपालिका अन्तर्गत संचालित विभिन्न कोषहरुको बैँक स्टेटमेन्ट सम्बन्धमा।

९. सार्वजनिक खरिद अनुगमन समिति गठन गर्ने सम्बन्धमा।

१०. आर्थिक ऐन संशोधन सम्बन्धमा।

११. कर्मचारी व्यवस्थापन सम्बन्धमा।

१२. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता संन्चालन सम्बन्धमा।

१३. अतिरिक्त सेवा सुविधा सम्बन्धमा।

१४. कर्मचारी आरक्षण कोटा माग सम्बन्धमा।

१५. न्यायिक समितिको कार्यालय ब्यवस्थापन सम्बन्धमा।

१६. माध्यमिक शिक्षा परिक्षा संन्चालनको लागि थप केन्द्र माग गर्ने सम्बन्धमा।

निर्णयहरुः-

**निर्णय नं. १:-** प्रस्ताव नं.१ उपर छलफल गर्दा यस पुथा उत्तरगंगा गाउँपालिका, रुकुम पूर्वको १४ औं गाउँ सभा तोकिएको मिति, समय, स्थान र तपशिल अनुसारको कार्यसुचीमा संन्चालन गरि सम्पन्न गर्ने निर्णय गरियो ।

कार्यसुचीः-

| क्र स | समय | कार्यसुची | भुमिका | कैफियत |
|---|---|---|---|---|
| १ | ११:०० बजे - १२:०० सम्म | उदघाटन सत्र | गाउँ सभा अध्यक्ष लगायत सम्पुर्ण सदस्यहरु | सभा अध्यक्षको आज्ञानुसार सदस्य सचिव ज्युद्धारा सम्पुर्ण क्रियाकलापहरु गर्ने/गराउने । |
| २ | १२:०० बजे देखि २:०० सम्म | प्रस्ताव पेश तथा छलफल | सम्पुर्ण सदस्यहरु | |
| ३ | २:०० देखि २:३० बजे सम्म | खाजा नास्ता | सबै | |
| ४ | २:३० बजे देखि ३:०० सम्म | निर्णय लेखन | सम्पुर्ण सदस्यहरु | |
| ५ | ३:३० बजे भित्र | कार्यक्रम समापन | सभा अध्यक्ष | |

**निर्णय नं. २:-** प्रस्ताव नं. २ उपर छलफल गर्दा विभिन्न ऐन तथा नियमहरुले व्यबस्था गरे बमोजिम स्थानिय तहमा दिगो तथा योजनावद्ध विकासका लागी पुथा उत्तरगंगा गाउँपालिकाको प्रथम आवधिक योजना र मध्यमकालिन खर्च संरचना निर्माण गर्न का लागी आवश्यक छलफल गर्ने प्रयोजनार्थ गाउँ सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ उपर छलफल गर्दा राष्ट्रिय भुमि आयोग सहजिकरण समितीले सुचना गरे बमोजिम यस गाउँपालिका अन्तरगतका वडाहरुमा अझै पनि तथ्याङ्क संकलनको काम नसकिएकोले सो कार्य गर्न ३५ दिन म्याद थप गर्न भुमि आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस पुथा उत्तरगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को स्थानिय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA) मा प्राप्त भएको अंक ६८.२५ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:-** प्रस्ताव नं. ५ उपर छलफल गर्दा गाउँपालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने प्रयोगशाला सम्बन्धि सेवाहरु वापत लिने शुल्क स्वास्थ्य शाखाले पेश गरे बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:-** प्रस्ताव नं. ६ उपर छलफल गर्दा आर्थिक वर्ष २०७९/०८० को बजेट उपर गाउँपालिका र विभिन्न वडा कार्यालयहरुले रकमान्तर गरेको रकम अनुमोदनका लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:-** प्रस्ताव नं. ७ उपर छलफल गर्दा आगामी आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिका अन्तरगतका सडकहरु मर्मत/संभार गर्ने सडक बोर्ड कार्यालयबाट प्राप्त हुने १२,००,०००।०० (अक्षरुपी बाह्र लाख मात्र) मा गाउँपालिकाले म्याचिङ फण्ड स्वरुप थप ३८,००,०००।०० (अक्षरुपी अठ्तिस लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:-** प्रस्ताव नं. ८ उपर छलफल गर्दा चालु आर्थिक वर्षको खर्च विवरण अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:-** प्रस्ताव नं. ९ उपर छलफल गर्दा गाउँपालिकामा खरिद हुने सम्पुर्ण कार्यहरुको अनुगमन तथा सुपरिवेक्षण् गर्ने प्रयोजनको लागी देहायबमोजिम खरिद अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

श्री पुनिराज घर्ती मगर - संयोजक

श्री हर्क प्रसाद रोका - सदस्य

श्री जस बहादुर शिर्पाली - सदस्य

**निर्णय नं. १०:-** प्रस्ताव नं. १० उपर छलफल गर्दा गाउँपालिकाको आर्थिक ऐन २०७९ को संशोधन विधेयक गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ११:-** प्रस्ताव नं. ११ उपर छलफल गर्दा गाउँपालिकामा स्थायि कर्मचारी पदपुर्ति गर्न सम्बन्धित निकायहरुमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:-** प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस वर्षको पुथा उत्तरगंगा गाउँपालिकास्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०७९।११।५, ६ र ७ गते देउरालि मा वि हुकाम वा महेन्द्र मा वि तकसेरामा संन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:-** प्रस्ताव नं. १३ उपर छलफल गर्दा गाउँसभा तथा कार्यपालिका बैठकमा सहभागी हुने सदस्यहरुलाई देहायवमोजिम यातायात,खाना तथा होटलबास उपलब्ध गराउने निर्णय गरियो ।

खाना खर्चः प्रति छाक रु. २०० (अक्षरुपी दुई सय मात्र)

होटल बास खर्चः प्रति रात ५०० (अक्षरुपी पाँच सय मात्र)

यातायत/आतेजाते (एक पटकको लागी) खर्चः

वडा नं. १, २, ३, ४, ५, ६, ७, ८ र ९ - १,८०० (अक्षरुपी एक हजार आठ सय मात्र)

वडा नं. १२ र १२ - ८०० (अक्षरुपी आठ सय मात्र)

वडा नं. १४ - १,००० (अक्षरुपी एक हजार मात्र)

साथै

पुथा उत्तरगंगा गाउँपालिका वडा नं. ११ का निर्वाचित वडा अध्यक्ष विविध कारणबस कार्यालयमा उपस्थित हुन नसकेको हुदाँ हाल कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी सम्हाली रहनु भएका वडा सदस्य श्री लयन बुढा मगरलाई निजको कार्यबोझलाई मध्यनजर गरि वडा २०७९ साल श्रावन देखि लागु हुने गरि वडा अध्यक्ष सरह सेवा सुविधा दिने निर्णय गरियो ।

**निर्णय नं. १४:-** प्रस्ताव नं. १४ उपर छलफल गर्दा लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वमा पर्ने यस पुथा उत्तरगंगा गाउँपालिका भौगोलिक रुपमा विकट हुनुका साथै लुम्बिनी प्रदेशको एक मात्र सुचिकृत पिछडिएको स्थानिय तह हो । यसर्थ सामाजिक समावेशिकरण एवंम समानुपातिक्ताको मर्म अनुरुप लुम्बिनी प्रदेश लोक सेवा आयोगबाट विभिन्न पदहरुमा स्थायी पद पुर्ती गर्न दरखास्त आह्वान हुदाँ पिछडिएको क्षेत्र अन्तरगत यस गाउँपालिकाको लागी कम्तिमा १ (एक) सिट आरक्षण स्वरुप ब्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लुम्बिनी प्रदेश मार्फत लुम्बिनी प्रदेश लोक सेवा आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:-** प्रस्ताव नं. १५ उपर छलफल गर्दा यस पुथा उत्तरगंगा गाउँपालिकाको न्यायिक समितीको कामकाज प्रभावकारी रुपमा संन्चालन गर्न कार्यालय व्यबस्थापन गरि न्यायिक परामर्शको लागी एक जना कानुनी सल्लाहकार एवंम सहजकर्ता करार नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:-** प्रस्ताव नं. १६ उपर छलफल गर्दा भौगोलिक रुपमा विशाल र विकट यस गाउँपालिकामा माध्यमिक शिक्षा परिक्षा संन्चालन गर्न केन्द्रहरु कम हुदा विद्यार्थीहरुले सास्ति भोगिरहेको हुदा माथिल्लो क्षेत्रमा सहजताका लागी श्री देउराली मा वि हुकामलाई थप केन्द्र स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।